नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #३४

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बीहीबार । २९ फाल्गुन २०७६ (१२ मार्च २०२०)

कोभिड-१९ पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो । फागुन २८ गते सम्ममा यो रोग ११८३२६ जनामा फैलीसकेको छ भने यस रोगका कारण ४२९२ (चीनमा मात्र ३१६२) जनाको मृत्यु भैसकेको छ । यो रोग चीनबाहिर ११३ वटा अन्य देश/क्षेत्रहरूमा देखिएको छ।

## कोभिड-२०१९ सम्बन्धी विश्वव्यापी स्थिति:

| कोभिड-१९ केसहरू | २८ फागुन २०७६ सम्ममा कुल जम्मा | नयाँ केसहरू | |
|---|---|---|---|
| | | २७ फागुन | २८ फागुन |
| **विश्वव्यापी** | | | |
| पुष्टी भएका केसहरू | ११८३२६ | ४१२५ | ४६२३ |
| मृत्यु | ४२९२ | २०३ | २८० |
| **चीन** *(Includes Hong Kong SAR, Macao SAR and Taipei and environs)* | | | |
| पुष्टी भएका केसहरू | ८०९५५ | २० | ३१ |
| मृत्यु | ३१६२ | १७ | २२ |
| **चीन बाहिर** | | | |
| पुष्टी भएका केसहरू | ३७३७१ | ४१०५ | ४५९२ |
| मृत्यु | ११३० | १८६ | २५८ |
| कोभिड-१९ को रिपोर्ट भएका देश/ क्षेत्रहरू | ११४ | ५ | ४ |

श्रोत: विश्व स्वास्थ्य संगठनको रिपोर्ट नं. ५० र ५१

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले ११ मार्च मा कोभिड-१९ लाई विश्वव्यापी महामारी (Pandemic) को रूपमा वर्गिकरण गरेको छ । यद्यपी अन्तराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| ४५० | ४४९ | १* |

(२९ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा **९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४** तोकिएको छ ।

### स्क्रिनिङ् तथा निगरानी - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

- थप जनशक्ति तथा उपकरणको व्यवस्था गरिएको छ ।
- विमानस्थलमा संक्रमण रोकथामका लागि नियमित रूपमा औषधिसहितको स्प्रे (DISINFECTANT-SPRAY) गर्ने कार्य भैरहेको छ ।

- कोभिड-१९ का संकास्पद बिरामीहरुको व्यवस्थापनका लागि प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसंगको समन्वयमा पूर्व तयारीका विविध क्रियाकलापहरु संचालन भै रहेका छन् ।
- कोभिड-१९ रोगको रोकथाम र नियन्त्रणका लागि निगरानी कार्यलाई थप व्यवस्थित गर्न १८ जना सर्भिलेन्स अफिसरहरू करारमा लिई आजै तालिम सम्पन्न गरी भोलिबाट काम शुरु हुने व्यवस्था गरिएको छ ।
- नेपालमा कोभिड-१९ को सङ्क्रमण फैलिएमा देखिन सक्ने विभिन्न तीन किसिमको अवस्थाको आंकलन गरी विस्तृत कार्ययोजना तयार गरिदै छ ।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिका संयोजक माननीय उप-प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि सर्बदलीय बैठक मिति २०७६ फागुन २८ गते सम्पन्न भयो । (अनुसूची: १)
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा "Press Meet" मिति २०७६ फागुन २९ गते सम्पन्न भयो । (अनुसूची: २)
- कोभिड-१९ को प्रयोगशाला परिक्षण समबन्धी बारम्बार सोधिने प्रश्नहरू र जवाफको संगालो प्रकाशीत गरिएको छ । (अनुसूची: ३)
- चीन तथा भारतसंगका ४३ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य सूचना केन्द्र तथा स्वास्थ्य जाँचको व्यवस्था गरिएको छ ।(अनुसूची: ४)
- सुदुरपस्चिम प्रदेशले कोभिड-१९ संक्रमण निगरानी तथा रोकथाम सम्बन्धी हेल्थ डेस्क संचालन मार्गदर्शन, २०७६ तयार पारी कार्यान्वयनमा ल्याएको छ । (अनुसूची: ५)
- कर्णाली प्रदेशबाट गरेका पुर्बतायारी तथा प्रतिकार्यका प्रयासहरू (अनुसूची:६)
- सम्पूर्ण सरोकारवालाहरू, बिषय जानकारहरू, समस्त मिडियाकर्मीहरू लगायत सम्बद्ध सबैलाई आ-आफ्नो तर्फबाट भइरहेको सहयोगको निरन्तरताको लागि अनुरोध गर्दै यस संक्रमण रोकथामका लागि सचेत रही मन्त्रालयले सिफारिस गरेका उपायहरूको अवलम्बन गर्न सबैमा अनुरोध गरिन्छ ।

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्धछ

**थप विवरणका लागि तल बक्समा क्लिक गर्नुहोस:**

COVID-19 IEC | Press Release MoHP | Technical Guidance

HUB Hospitals | Audio Visual PSAs | Contacts

**स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र**
**फोन:** ०१-४२५०८४५, **फ्याक्स:** ०१-४२५०८४२,
**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np,
**fb:**fb.com/HEOC

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**फोन:** ०१-४२५५७९६, **फ्याक्स:** ०१-४१००२६६,
**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np,
**fb:** fb.com/edcdnepal

"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"

**अनुसूची १:** नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिका संयोजक माननीय उप-प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि बसेको सर्बदलीय बैठक सम्बन्धी प्रेष विज्ञप्ति

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

**प्रेस विज्ञप्ति**

आज मिति २०७६ फागुन २८ गते नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा माननीय पूर्व प्रधानमन्त्रीज्यूहरू, संघीय संसदमा प्रतिनिधित्व गर्ने विभिन्न राजनैतिक दलका अध्यक्ष तथा वरिष्ठ प्रतिनिधिज्यूहरू, उच्चस्तरीय समन्वय समितिका सदस्य माननीय मन्त्रीज्यूहरू एवं अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा COVID-19 को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी सर्वदलीय बैठक सम्पन्न भयो । बैठकमा, नेपाल सरकारले यस संक्रमणको विरूद्धमा उच्च सतर्कता अपनाउदै अख्तियार गरेका चार रणनीति र सो अन्तर्गत संचालित, सम्पादित कृयाकलापहरू सहितको विस्तृत कार्ययोजनाको प्रस्तुति भयो । सरकारले आम नागरिकहरुलाई विश्वसनीय ढंगबाट स्वास्थ्य सेवा प्रवाह गर्ने र संक्रमणलाई प्रवेश हुनै नदिने व्यवस्था मिलाउने, नागरिकहरुमा सचेतना अभिबृद्धि गर्ने, निगरानी र क्वारेन्टाईनको स्थितिलाई अझै सुदृढ तुल्याउने र विरामीको उपचार तथा व्यवस्थापनलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यक्रमहरु संचालनमा ल्याएकोमा बैठकका सहभागीहरुले उक्त कार्यहरुको सह्राना गर्दै सवै दलहरुको तर्फबाट सरकारलाई पूर्ण सहयोग हुने प्रतिवद्धता व्यक्त गरियो । बैठकमा उपस्थित विशिष्ट महानुभावहरुबाट प्राप्त भएका सुझावहरुको आधारमा कार्ययोजनालाई परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गरियो । माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूले मुलुकभित्र आपत-विपद्को समयमा सबै राजनीतिक दल एवं सरोकार पक्षहरुले एकबद्ध भई उच्च मनोवलका साथ कार्य गर्न र राष्ट्रिय एकता प्रदर्शन गर्ने नेपाली संस्कृति र परम्परालाई कायम राख्दै अघि बढ्न सबै पक्षलाई आह्वान गर्नुभयो । आम नागरिकहरुलाई यस संभावित संक्रमणको जोखिमको अवस्थामा स्वास्थ्यप्रति सचेत रहन हार्दिक अपिल गरिएको छ ।साथै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी हुने जनहितका सूचनाहरुलाई विषेश ध्यानमा राख्न अनुरोध गरिन्छ । ।

नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका तर्फबाट
सदस्य-सचिव, नारायणप्रसाद विडारी
सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

**अनुसूची २:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७६ फागुन २९ गते जारी गरेको प्रेष विज्ञप्ति

## प्रेस विज्ञप्ती

१. विश्व स्वास्थ्य सङ्गठनले ११ मार्च मा कोभिड-१९ लाई विश्वव्यापी महामारी (Pandemic) को रूपमा वर्गिकरण गरेको छ । कोरोना भाइरसबाट भएको यो पहिलो विश्व महामारी (Pandemic) हो । ११ मार्च सम्म कोभिड-१९ बाट विश्वभर ११४ देशहरूमा १,१८,३२६ मानिसहरू सङ्क्रमित भएका छन् भने ४२९२ जनाको मृत्यु भइसकेको छ । जम्मा सङ्क्रमित मध्य ९० % बिरामीहरू चार वटा देशहरू (चीन, दक्षिण कोरिया, इटली र इरान) मा केन्द्रित रहेका छन् । चीन र दक्षिण कोरियामा सङ्क्रमितको सङ्ख्या उल्लेखनिय रूपमा घटेको छ र यी देशहरूबाट यो रोगलाई नियन्त्रण सकिने सकरात्मक सन्देश हामीले लिन सक्छौं । Source: Worldometers.info

| **जम्मा सङ्क्रमित (१२ मार्च १ बजे सम्म)** | **Active Cases (Till now)** | **Closed Cases** |
|---|---|---|
| **१२६,३८०**<br>जम्मा निको भएका<br>**६८३१३**<br>जम्मा मृत्युः **४,६३५** | **५३,४३२**<br>सामान्य अवस्थामा रहेका<br>**(८९%)**<br>गम्भीर अवस्थामा रहेकाः **(११%)** | **७२,९४८**<br>जम्मा निको भएका<br>**९४%**<br>मृत्युः **६%** |

२. माननीय उप-प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि उच्च स्तरीय समिति, श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा उच्चस्तरीय कार्यदल साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मा. मन्त्रीज्यू, श्रीमान् सचिवज्यू र प्रमुख बिशेषज्ञज्यूको संयोजकत्वमा विभिन्न समिति गठन भइ समन्वय तथा सहकार्य भइरहेको छ ।

३. पूर्वतयारीको क्रममा कोभिड-१९ को सङ्क्रमणलाई नेपालमा फैलन नदिन कोभिड-१९ को उच्च संक्रमण भएका ८ मुलुकहरु (चीन, इरान, इटाली, दक्षिण कोरिया, जापान, फ्रान्स, जर्मनी, स्पेन ) बाट नेपाल भ्रमणमा आउन चाहने विदेशी नागरिकहरुलाई On-Arrival Visa स्थगन गरिएको छ । कोभिड-१९ रोगको उच्च जोखिम भएका मुलुकहरुबाट आउने यात्रुहरुलाई रोग नभएको प्रमाणित कागजात लिएर आउने प्रावधान अनिवार्य गरिएको छ ।

४. उच्च जोखिम भएका मुलुकहरुबाट आउने सबै यात्रुहरुका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ज्वरोको स्कृनिङ र स्व घोषणा फारम भर्ने कार्यलाई अनिवार्य रूपमा लागू गरिएको छ । यस क्रममा स्वस्थ रहेका व्यक्तिहरूलाई सेल्फ क्वारेन्टाइनमा बस्ने लिखित प्रतिवद्धता सहित पालना गर्नुपर्ने नियमहरूको बारेमा सूचित गर्ने व्यवस्था गरिएको छ।

५. चीन र भारतसंग सिमाना जोडिएका प्रवेश नाकाहरूमा स्थापना भएका ४३ वटा हेल्थ डेस्कहरूबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूको स्क्रिनिङ/स्वास्थ्य परीक्षण कार्य निरन्तर भइरहेको छ । त्यसैगरी नेपाल भारत सीमामा सचेतना तथा सतर्कता अपनाउन एवं अन्य आवश्यक समन्वय गर्नका लागि Cross Border Meeting भैरहेको छ ।

६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ संक्रमणको निगरानी, रोकथाम र नियन्त्रणका लागि १८ जना Surveillance Offices खटाउने तयारी भएको छ, देशव्यापी रुपमा सचेतनामूलक जानकारीहरु प्रवाह गरिरहेको छ । केन्द्रिय तथा प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसंचालन केन्द्र (HEOC र PHEOCs) हरुबाट प्रदेश सरकार र स्थानीय तहसंग विरामीको उपचार तथा व्यवस्थापन कार्यमा समन्वय भैरहेको छ ।

७. नेपालमा कोभिड-१९ को सङ्क्रमण फैलिएमा देखिन सक्ने विभिन्न तीन किसिमको अवस्थाको आंकलन गरी सोही अनुरूप चाहिने आइसोलेसन बेड, औषधि उपकरण र जनशक्तिको अनुमान सहित योजना गरिएको छ । शंकास्पद बिरामीहरूलाई आइसोलेसनमा राख्न र आवश्यक उपचार गर्न पहिलो पंक्तिमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, पाटन अस्पताल र नेपाल ए.पी.एफ. अस्पताललाई तोकिएको छ भने अन्य अस्पतालहरूको पनि सूचीकरण गरिसकिएको छ ।

८. हालसम्म राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ४५० जम्मा जाँच गरिएको छ । हाल आइसोलेसनमा ६ जना (४ जना टेकु, २ जना पाटन) रहेका छन् ।दैनिक रूपमा कोभिड-१९ सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य बुलेटिन वेवसाइटमा प्रकाशन गर्रिदै आएको छ ।

प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मितिः २०७६ फाल्गुन २९

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

**अनुसूचीः३** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोभिड-१९ को प्रयोगशाला परिक्षण समबन्धी बारम्बार सोधिने प्रश्नहरू र जवाफको संगालो प्रकासित गरेको छ ।

## Frequently Asked Questions about Novel Corona Virus (COVID-19) Test

1. Novel Corona virus को Test कुन ठाउँमा गरिन्छ ?

   → यो Test राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु, काठमाण्डौमा गरिन्छ ।

2. Suspected Corona Virus Test को लागि NPHL मा नमुना संकलन गर्ने व्यवस्था छ कि छैन ?

   → संकास्पद् बिरामीलाई isolation मा राख्नु पर्ने भएकोले नमूना सम्बन्धित Hospital ले संकलन गरेर यस प्रयोगशालामा पठाउनु पर्ने छ । बिरामी सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।

3. संकलन गरिएको नमुना कुन विधि अपनाई NPHL पठाउन सकिन्छ ?

   → VTM मा संकलन गरिएको नमुनालाई Triple Pack गरि Cold Chain Maintain (2-8˚ C) गरेर NPHL मा पठाउनु पर्नेछ ।

4. Novel Corona virus Test गर्नको लागि कति पैसा लाग्छ ?

   → हाललाई यो Test यस प्रयोगशालामा निशुल्क गरिन्छ ।

5. के यो Novel Corona virus Test सवैले गराउन पाउँछ ?

   → डाक्टरको परामर्श पछि मात्र यो Test गराउन सकिन्छ ।

6. Corona virus Test को लागि कुन कुन नमूना संकलन गरिन्छ ?

   → यस Test को लागि Throat Swab, Nasal Swab आदि नमूना संकलन गरिन्छ ।

7. Novel Corona virus Test को लागि नमूना संकलन कति बजे सम्म गरिन्छ ?

   → VTM मा संकलन गरिएको नमुनालाई Triple Pack गरि Cold Chain Maintain (2-8˚ C) गरेर ल्याएको खण्डमा २४ सै घण्टा यस प्रयोगशालामा संकलन गरिन्छ (कार्यालय समयमा नमूना संकलन गर्ने ठाउँमा र अन्य समयमा कार्यालय सहायकलाई बुझाउन सकिन्छ ) ।

8. Novel Corona virus Test को Report आउन कति समय लाग्छ र कुन ठाउँ बाट लिने ?

   → यो Test को Report आउन २४ देखि ४८ घण्टा सम्म लाग्छ । लिखित Report यस प्रयोगशालाबाट लिन सकिने छ । Report positive भएको खण्डमा सम्बन्धित hospital र डाक्टर लाई तुरुन्त जानकारी गराईनेछ ।

9. यो Test को लागि सम्पर्क व्यक्तिहरुको मोवाईल नं के के छ ?

| | |
|---|---|
| १. डा. श्रवन कुमार मिश्र | ९८५११६८२२० |
| २. डा. रन्जित शाह | ९८२७७०१४६५ |
| ३. श्री राजेश कुमार गुप्ता | ९८५१२३९९८८ |
| ४. दिनेश थापा मगर | ९८२३१६८५४० ( रात्री समयको लागि ) |
| ५. नरेश थापा मगर | ९८०३१५२१४९ ( रात्री समयको लागि ) |

**अनुसूची ४:** छिमेकी मुलुकसंगका ४३ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य परिक्षणको व्यवस्था गरी कार्य भैरहेको छ ।

**छिमेकी मुलुकसंगका ४३ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य परिक्षणको व्यवस्था गरी कार्य भैरहेको छ ।**

| प्रदेश | जिल्ला | स्थान | सम्पर्क व्यक्ति | मोबाइल नं. |
|---|---|---|---|---|
| प्रदेश नं. १ | झापा | मेचि भन्सार कार्यलय (भद्रपुर) | मनोज भट्टराइ | ९८४४६९४१५२ |
| | | काकरभित्ता नाका | शशी कला राइ | ९८४२६३८३२९ |
| | मोरङ | जोगबनि नाका | रमेश कार्की | ९८४२०२३६७९ |
| | इलाम | पशुपति नगर नाका | धनराज यादव | ९८४२१०८५५४ |
| प्रदेश नं. २ | सिराहा | मदर नाका | प्रमोद यादव | ९८१५७१३३२९ |
| | | ठाडी नाका, भगवानपुर | मनन रइन | ९८०७७१३९४२ |
| | | बरियारपटी नाका | पशुपति दाश | ९८०४७७६६२१ |
| | | तिलथि भन्सार | श्याम नारायन यादव | ९८०४७५४५६३ |
| | | बेलि नाका | नारायन यादव | ९८१६७३७५६० |
| | | राम नगर कोदार कट्टी नाका | खलिद | ९८१७७८००२५ |
| | | इनरूवा नाका | चन्द्रकिशोर रावत | ९८०९६०२३४४ |
| | | जठाइ नाका | सन्जय महतो | ९८०४८३६८४६ |
| | | मडाहापुर नाका | उमेश कुमार शाह | ९८४८११७२८६ |
| | महोत्तरी | मठिहानि नाका | मनिर अन्सारी | ९८४५६१०२८६ |
| | | मलिबारा नाका | बरून शाह | ९८४४११६५७५ |
| | | इटरूवा नाका | राजेश कुमार शाह | ९८०७८७१५१४ |
| | | शिशावा कटइया नाका | बब्लु शाह | ९८००८९७६२२ |
| | पर्शा | बिरगन्ज भन्सार नाका | सुमन चौधरी ठाकुर | ९८४५३८५०५१ |
| | सर्लाहि | मुखिया भन्सार | कुशेश्वर शाह | ९८४३६१८५८२ |
| | रौतहट | गौर बैरगनिया नाका | नितेश कुमार गुप्ता | ९८६७२६८८२७ |
| | | बन्कुल नाका | राकेश यादव | ९८४५५२१२२४ |
| बागमति | रशुवा | केरूङ नाका | विजय घले | ९८४०५१०१५३ |
| | सिन्धुपाल्चोक | तातोपानी नाका | सन्तोष दाहाल | ९८४११४७१७७ |
| गन्डकी | नवलपराशि पुर्व | त्रिवेनि सुस्त | रमेश कुम्भकर | |
| प्रदेश नं. ५ | नवलपराशि प | महेशपुर | धर्मजित पटेल | ९८६७७१०३४५ |
| | रूपन्देहि | सुनौली नाका | उमा थापा | ९८४७०३६४१७ |
| | कपिलवस्तु | सुथौलि नाका | ज्योति प्रकाश दुबे | ९८४७२८६५६९ |
| | | कृष्णनगर | अनिल विश्वकर्मा | ९८६०१०४१४० |
| | दाङ | कोइलाबास | कैलाश चौधरी | ९८४७८३६४४२ |
| | बाके | जमुना ,रूपेडिया | राम बहादुर चन्द | ९८५८०२११७२ |
| | बर्दीया | फुटाहा, जमुनी | विष्णु पौडेल | ९८५८०२००७९ |
| | | कन्ठपुर | विष्णु पौडेल | ९८५८०२००७९ |
| | | सुरजपुर | सुनिल पान्डे | ९८४८०२४७०२ |
| | | मधुवन | मनि आचार्य | ९८५८०२५९९८ |
| कर्णाली | हुम्ला | हुम्ला हिल्सा | डाक्टर अशोक गौतम | ९८४१५००४२७ |
| | | पन्चपुरि नाका | | |
| | | बवइ नाका | | |
| | | कपुरकोट नाका | | |
| सुदुरपश्चिम | कंचनपुर | गडेडाचौकि बनवासा नाका | नरेन्द्र राज जोशि | ९८४८८२३०८० |
| | कैलालि | धनगडि त्रिनगर भन्सार | दिनेश ठकुल्ला | ९८४२२५६४३० |
| | | टिकापुर खक्ला नमका | मौनि रोकाया | ९८०३०२३८०४ |
| | दार्चुला | दार्चुला धार्चुला नाका | मधानी ओड | ९८४०२५३९५१ |
| | बैतडी | जुलापाट नाका | करिश्मा थापा | ९८६५७२१६४१ |
| **जम्मा** | | | | **४३ वटा** |

अध्यावधिक मितिः २०७६ फागुन २८ गते

**अनुसूची ५:** प्रदेश सरकार, सुदुरपस्चिम प्रदेश, कोरोना भाइरस रोग (कोभिड-१९) संक्रमण निगरानी तथा रोकथाम सम्बन्धी हेल्थ डेस्क संचालन मार्गदर्शन, २०७६

अनुसूची ६: कर्णाली प्रदेशबाट गरेका पुर्वतायारी तथा प्रतिकार्यका प्रयासहरू